"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्याः २०७७।०७८

चलानी नम्बरः ९३९६

मितिः २०७७।१२।१९

श्री नगर कार्यपालिकाको कार्यालय, फुङलिङ, ताप्लेजुङ।

श्री गाउँ कार्यपालिकाको कार्यालय,

सिदिङ्वा/पाथीभरा याङ्वरक/आठराई त्रिवेणी/मेरिङ्देन/मैवाखोला/मिक्वाखोला/फक्ताङलुङ, ताप्लेजुङ।

विषयः अन्तर-मा.वि. स्तरीय वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थी पठाई दिने।

प्रस्तुत विषयमा ताप्लेजुङ जिल्लाभित्रका सबै माध्यमिक विद्यालयबाट एक/एकजना विद्यार्थीको सहभागिता सुनिश्चित हुने गरी नयाँ वर्ष २०७८ को उपलक्ष्यमा यही मिति २०७८ साल वैशाख ४ गते शनिवारका दिन यस गाउँपालिकाको आयोजनामा अन्तर-मा.वि. स्तरीय वक्तृत्वकला प्रतियोगिता देहाय बमोजिम आयोजना गर्ने भनी मिति २०७७।१२।१९ गते बसेको सिरीजङ्घा गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएकाले ताहाँ पालिका क्षेत्रभित्रका प्रत्येक माध्यमिक विद्यालयबाट एक/एकजना विद्यार्थी तहाँ पालिकाकै शिक्षा अधिकृतको नेतृत्वमा यस गाउँपालिकाको केन्द्र, तेल्लोकमा मिति २०७८ साल वैशाख ३ गते शुक्रबारका दिन आइपुग्ने गरी पठाई दिने व्यवस्था मिलाई दिनु हुन हार्दिक अनुरोध गर्दछु।

देहाय

क. वर्तमान नेपालको संविधानले परिलक्षित गरेको शासकीय प्रणालीसँग सम्वन्धित मुख्य/मुख्य विषयवस्तुहरुमध्येबाट वक्तृत्वकलाको विषयवस्तु समेटिनेछ। विषयवस्तुको छनोटदेखी लिएर त्यसको अन्तिम मूल्यांकनसम्मको कार्यका लागि ताप्लेजुङ जिल्लाभन्दा बाहिरका स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा एकजना शिक्षा अधिकृत र एकजना नेपाली विषय अध्यापन गराउने शिक्षकलाई जिम्मेवारी सुम्पने व्यवस्था मिलाइएको छ।

ख. प्रत्येक माध्यमिक विद्यालयबाट कार्यक्रममा सहभागिता जनाउन आउने एक/एकजना विद्यार्थीलाई यातायातको व्यवस्था गाउँपालिकाको तर्फबाटै मिलाइनेछ।

ग. कार्यक्रममा सहभागिता जनाउन आउने प्रत्येक विद्यार्थीलाई खाना तथा आवास खर्चको व्यवस्था गाउँपालिकाकै तर्फबाट मिलाइनेछ भने फक्ताङलुङ, मिक्वाखोला, मैवाखोला, मेरिङ्देन र आठराई त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका विद्यार्थीलाई भने आतेजातेको अवधिमा खाना/खाजा खर्च वापत् प्रति व्यक्ति एकहजार रुपैंया यसै गाउँपालिकाबाट उपलब्ध गराइनेछ।

घ. प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हाँसिल गर्ने विद्यार्थीलाई क्रमशः नगद रु. ३० हजार, रु. २० हजार र रु. १० हजार तथा प्रमाण-पत्र प्रदान गरिनेछ।

पुनश्चः सहभागी विद्यार्थीहरुको नामावली यही मिति २०७७ साल चैत्र मसान्तभित्र यस गाउँपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा आइपुग्ने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। र, यस विषयमा थप जानकारीका लागि यस कार्यालयका शिक्षा अधिकृत श्री बुद्धिप्रसाद खतिवडा (सम्पर्क नम्बर ९८४९६३३९५१) सँग बुझ्न सकिनेछ।

२०७७।१२।१९

(श्री सन्तोष घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner